# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके।
लुम्बिनी प्रदेश, नेपाल।

प.सं. :-२०८२/०८३
च.नं. :-

### करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/२७ गते)

यस बैजनाथ गाउँपालिका, रामपुर, बाँकेमा आवश्यक देहायका पदका लागि खुल्ला प्रतिस्पर्धाबाट करारमा नियुक्ति गरिने भएकाले तपसिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा आवश्यक कागजातका साथ दरखास्त दिन सुचित गरिन्छ ।

तपसिल

(१) बिवरण:

| बिज्ञापन नं | पद/तह | माग संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|
| ०२- २०८२।०८३ | एम.आई.एस. अपरेटर/ सहायक पाँचौं | १(एक) | १. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर बिषय लिई उत्तीर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धि तालिम प्राप्त गरेको,<br>२. देहाय बमोजिम ज्ञान र सीप भएको,<br>(अ) देवनागरी लिपिमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाइपिङ गर्न सक्ने,<br>(आ) Computer, Printer, Scanner, Multimedia लगायतका उपकरणहरुको प्रयोग गर्ने सीप भएको,<br>(इ) MS-Office Package (Word, Excel, Access, Power Point etc.) को प्रयोग गर्न सक्ने क्षमता भएको,<br>(ई) इमेल,इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको,<br>(उ) व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको ।<br>(ऊ) कम्प्युटर मर्मत संभार सम्वन्धि सामन्य ज्ञान भएको । |
| ०३- २०८२।०८३ | उद्यम विकास सहजकर्ता / सहायक चौथो | १ (एक) | १.प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको, वा<br>२.प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद् उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ उतिर्ण गरेको, वा<br>३.प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त शिक्षाण संस्थाबाट सम्बन्धित विषयमा प्राबिधिक प्रबेशिका परीक्षा (TSLC) उतिर्ण भएको, |
| ०४-२०८२।०८३ | सामाजिक परिचालक/ सहायक चौथो | १ (एक) | १. मान्यता प्राप्त शिक्षाण संस्थाबाट १०+२ वा सो सरह उतिर्ण भएको वा प्रबेशिका परिक्षा उत्तीर्ण गरी CTEVT बाट सम्बन्धन प्राप्त संस्थाहरुबाट सामाजिक परिचालन सम्बन्धि १२ महिने तालिम उत्तीर्ण गरेकोका स्थायी रुपमा विवाहित महिला वा एकल महिला वा अन्य महिला हुनु पर्ने ,<br>२. सामाजिक परिचालन तथा सामुदायिक विकस क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव भएको। |

(२) अन्य आवश्यक न्युनतम योग्यता :

(क) दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेको हुनु पर्ने ( महिला तथा एम.आई.एस. अपरेटर पदको हकमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको) ,

# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके।
लुम्बिनी प्रदेश, नेपाल।

**प.सं. :-२०८२/०८३**
**च.नं. :-**

(ख) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै पनि कारवाहीमा नपरेको, नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

(३) **करार अवधी :** २०८३ साल असार मसान्त सम्म (कार्यक्रम अवधि अनुसार म्याद थप गर्न सकिने) ।

(४) **सेवा सुबिधा :** सम्वन्धित कार्यक्रम कार्यान्वयन निर्देशिका/कार्यविधिले तोके वमोजिम ।

(५) **आवश्यक कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी - १ प्रति ,
(ख) पासपोर्ट साईजको फोटो - ३ प्रति ,
(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी – १/१ प्रति,
(घ) कार्य अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपी – १ प्रति ।

(६) **आवेदन दस्तुर :** सहायक पाँचौ र सहायक चौथोको हकमा क्रमशः रु सात सय र रु चाँच सय मात्र।

(७) **दरखास्त पाइने र दिने स्थान र अन्तिम मिति :** बैजनाथ गाउँकार्यपालिकाको कार्यालय, रामपुर, बाँके; मिति २०८३/०१/११ गते भित्र कार्यालय समयमा (दरखास्त बुझाउने अन्तिम दिन सार्बजनिक बिदा भएमा लगतै कार्यालय खुल्ने दिन) ।

(८) **छनौट परिक्षाको किसिम :** सम्बन्धित कार्यक्रम कार्यान्वयन निर्देशिका / कार्यविधिले तोकेको हकमा सोही वमोजिम अन्यथा बैजनाथ गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०८१ को व्यवस्था बमोजिम हुने ।

(९) **परिक्षा मिति र स्थान :** प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन गर्दा जानकारी गराईने छ ।

(१०) प्रारम्भिक सुचीमा पर्न सफल उम्मेदारलाई मात्र अन्य परीक्षा परीक्षामा समावेश गराइने छ।

(११) सम्पर्क व्यक्तिः यस सम्वन्धमा थप विस्तृत जानकारी प्राप्त गर्नुपरेमा **सम्पर्क नं. ९८५८०२४२५१** मा सम्पर्क गर्न सकिनेछ।

**नोट : यो सूचना बैजनाथ गाउँपालिका, रामपुर, बाँकेको वेवसाइट www.baijanathmun.gov.np मा समेत हेर्न सकिने छ।**

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत